लुम्बिनी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र
कपिलवस्तु
फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com

पत्र संख्याः ०८०/०८१

च. नं.

## प्रस्ताव आव्हवान सम्बन्धी सुचना

सुचना नं : ०१/०८०/८१ प्रथम पटक प्रकाशित मिति २०८०/०८/२६

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुको आ. व. ०८०।०८१ को तपसिल बमोजिमका बार्षिक स्वीकृत कार्यक्रमहरु "कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचलन कार्यविधि,२०८०" बमोजिम संचालन गर्न ईच्छुक कृषक/समुह/सहकारी/निजि फर्म/उपभोक्ता समिति/ उद्यमी /कम्पनीहरुलाई लक्षित गरि आजको मितिले २१ दिन भित्र ( मिति २०८०।०९।१६ गते कार्यालय समय भित्र) कार्यालयमा रु १० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, कार्यक्रम संचालनको लागी आवश्यक न्युनतम मापदण्ड, व्यवसायिक कार्ययोजना, संलग्न गर्नुपर्ने अन्य कागजातहरु र कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८० यस कार्यालयको वेबसाईट www.vethoskapilvastu.gov.np बाट प्रप्त गर्न सकिनेछ ।थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०७६-५६१०४१ वा सूचना अधिकारीको सम्पर्क नं. ९७६८३७९४३३ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल:

| क्र. सं. | कार्यक्रम विवरण | लक्ष्य | कुल बजेट रु लाखमा | कार्यक्रम संचालन हुने क्षेत्र | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १ | नयाँ पोखरी निर्माण | १० हे. | ५०.० | कपिलवस्तु जिल्ला (प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मत्स्य जोन लागु भएको क्षेत्र बाहेकलाई प्राथमिकता दिईनेछ) | कुल लागतको ५० प्रतिशत वा प्रति हे. जलाशय अधिक्तम रु.५ लाख अनुदान (कार्यालयले उपलब्ध गराएको ले- आउट तथा डिजाईन अनुसार नयाँ पोखरी निर्माण गर्नु पर्ने ) |
| २ | प्राकृतिक जलाशय मर्मत संभार | २० हे. | २०.० | कपिलवस्तु जिल्ला | कुल लागतको ७५ प्रतिशत वा प्रति हे. जलाशय अधिकतम रु १लाख अनुदान |
| ३ | डेरी तथा मासु पसल सुधार/निर्माण | ३ वटा | ६.० | | कुल लागतको ५० प्रतिशत वा प्रति प्रस्ताव अधिक्तम रु. २ लाख अनुदान |
| ४ | जिउँदो माछा विक्री वितरण स्टल निर्माण/ सुधार | २ वटा | ४.० | | कुल लागतको ५० प्रतिशत वा प्रति प्रस्ताव अधिक्तम रु. २ लाख अनुदान |

कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

कपिलवस्तु
फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com

पत्र संख्या: ०८०/०८१

च. नं.

संलग्न गर्नु पर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन (अनुसूची ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण- पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण- पत्रको प्रतिलिपि
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण- पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने।)
५. कार्यक्रम संचालनका लागि कार्ययोजना सहितको प्रस्ताव (क्र.सं १,२,३,४ को लागि अनुसुची ३८)
६. कार्यक्रम संचालनको लागि सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
७. प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था वा समुह वा कम्पनिको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी
९. निर्माण गरिने पूर्वधार हकमा अनुमानित लागत रकम र उपकरण खरिदको हकमा प्राविधिक स्पेशिफिकेसन तथा लागत अनुमान
१०. जग्गाधनि दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्याक्रम संचालन गर्नेको हकमा कम्तीमा १० वर्षको करार पत्र (छनौट भएमा सम्झौता पुर्व पेश गर्नुपर्ने)
११. तालिम/ अनुभवको प्रमाण-पत्रको प्रतिलिपि।

पुनःश्च : सुचनामा छुट हुन गएका बुदाहरु कृषि तथा पशुपंछी विकास कार्यक्रम संचालन कार्यविधि २०८० मा भएको व्यवस्था वमोजिम हुनेछ ।साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा भोलि पल्ट कार्यालय समयमा प्रस्ताव विज्ञ केन्द्रमा वुझाउन सकिनेछ ।

कार्यालय प्रमुख